मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

व्यवसायिक कृषिले बनाउँछ सुखी

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाझ्को नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २८ ◆ अङ्क : २२२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० असार १५ गते शुक्रबार (Friday, June 30. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

सहाराद्वारा एक सदस्यको ४ लाख ४० हजार ऋण मिनाहा

बिर्तामोड, असार १४। झापाको बिर्तामोड-२ चारपानेमा रहेको सहारा नेपाल साकोसले श्रीमानको निधन भएर शोकमा रहेकी एक सदस्यको ४ लाख ४० हजार ऋण मिनाहा गरेको छ ।

बिर्तामोड-६मा रहेको बुट्टाबारी सेवा केन्द्र मातहतको मुनाल सहारा महिला समूह नं. १७ आवद्ध मनमाया गिरीका श्रीमान गङ्गाबहादुर गिरीको मृत्यु भएकाले संस्थाको निर्णय अनुसार मृतक गिरीकी श्रीमतीको नाममा रहेको उक्त ऋण मिनाहा गरिदिएको हो ।

संस्थाले कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत शुक्रबार गिरीको घरमा एक कार्यक्रमकाबीच मृतककी श्रीमती मनमाया गिरीलाई उक्त रकमको चेक हस्तान्तरण गरेको छ । सहारा नेपाल साकोस सेवा केन्द्र बुट्टाबारी सञ्चालन उपसमिति संयोजक आशिष वनको अध्यक्षतामा आयोजित कर्जा मिनाहा कार्यक्रममा बिर्तामोड-६का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वाको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि कन्दङ्वाले 'सहारा नेपाल साकोसले सदस्यहरूलाई दिने गरेको सेवा सुविधा प्रशंसनीय रहेको बताए । उनले भने- 'सहारा नेपाल सदस्यहरूमा मात्र होइन समुदायमा पनि सहारा बनेको छ, नाम अनुसारको काम गरेकोमा धन्यवाद छ ।' गरिबी निवारण कार्यक्रममार्फत लाखौं महिलालाई सहकारी

(बाँकी अन्तिम पृष्ठमा)

मुख्यमन्त्री बाहिरिएसंगै प्रदेशसभा बैठक अनिश्चित

झापा, असार १४। मत विभाजनको प्रक्रिया शुरु गर्नुअघि आधा घण्टाका लागि स्थगित भएको कोशी प्रदेश सभाको बैठक अनिश्चित बनेको छ ।

बैठक स्थगित भएपछि 'केही तथ्यांक लिएर आउँछु' भन्दै मुख्यमन्त्री हिक्मतकुमार कार्की प्रदेशसभा सचिवालयबाट निस्किएपछि बैठक नभएको हो । यो समाचार तयार पार्दासम्म मुख्यमन्त्री कार्कीले प्रदेश सभामा विश्वासको मत लिन प्रस्ताव राखेपछि त्यसमाथिको छलफलमा दलका नेताहरूले बोल्ने क्रम सकिएपछि सभामुख बाबुराम गौतमले आधा घण्टाका लागि बैठक स्थगित गरेका थिए ।

प्रदेशसभाबाट बाहिरिँदै गरेका मुख्यमन्त्री कार्की तथ्यांक चाहिएकाले लिएर आउँछु' भन्दै हिँडेका थिए । मुख्यमन्त्रीसँगै सरकारका मन्त्रीहरू समेत सदनबाट बाहिरिएका थिए । विश्वास मतसम्बन्धी प्रक्रिया शुरु हुने/नहुने भन्ने विषयमा अन्यौल भएपछि प्रदेशसभा सदस्यहरू बैठक चल्ने समय कुरेर बसेका थिए । नेपाली कांग्रेसका उपनेता हिमाल कार्कीले बैठक बस्ने/नबस्ने भन्ने विषयमा आफूहरू समेत अन्यौलमा रहेको सुनाए ।

एमाले संसदीय दलका उपनेता रामबहादुर मगरले मुख्यमन्त्री निस्कनुको कारण थाह नभएको बताए । जवाफ तयार गर्न निस्किएको हुन सक्ने उनको भनाइ छ ।

बैठकमा बोल्दै कांग्रेस, माओवादी र नेकपा (एकीकृत समाजवादी)ले सरकारले राखेको विश्वासको मतको प्रस्तावमा समर्थन गर्न नसकिने बताएका छन् । एमाले र राप्रपाले भने प्रस्तावको पक्षमा बोलेका थिए । एक सांसदमात्रै रहेको जनता समाजवादी पार्टी भने तटस्थ

बसेको छ ।

एक सिट भए पनि सरकार निर्माणमा निर्णायक बनेको जसपाले तटस्थ बस्ने निर्णयले दुवै पक्ष अन्यौलमा परेका छन् । ९३ सदस्यीय प्रदेशसभामा सरकार टिकाउन ४७ सांसदको समर्थन आवश्यक पर्ने भए पनि एमाले राप्रपाको सत्ता गठबन्धन वा कांग्रेस, माओवादी र एकीकृत समाजवादी कसले आफ्नो पक्षमा परिणाम ल्याउँछन् भन्ने अन्यौल भएको हो ।

एमालेबाट मुख्यमन्त्री बनेका कार्कीको पक्षमा एमालेका ४० र राप्रपाका ६ गरी ४६ सांसद छन् भने उता कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीसँग पनि ४६ मत नै छ । एक सिट रहेको जसपाले मतदान प्रक्रियामा भाग नलिने निर्णय गरेको छ ।

बराबरी भएको अवस्थामा सभामुख बाबुराम गौतमले निर्णायक मत दिन पाउने भए पनि विपक्षीहरुसँग ४५ मात्रै हुने अवस्था देखिएको छ । कार्कीले ४७ मत पुऱ्याउन नसक्ने र विपक्षी गठबन्धन ४५ भन्दा माथि जान नसक्न हुँदा कोशी प्रदेशमा हुन गइरहेको मत विभाजन रोचक बनेको छ ।

प्रस्तावमाथि मत विभाजनमा जानुअघि बैठक स्थगित भएको थियो । छलफलमा भाग लिँदै कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापाले विगत ६ महिनामा सरकारलाई नै सहयोग गरेको बताएका थिए । उनले विगत ६ महिना सरकार चलिरहँदा सबै दलले सहयोग गरेको र प्रदेशमा प्रतिपक्ष दल नभएको उल्लेख गरेका थिए ।

दलका नेता थापाले भने- 'सरकारलाई सबैले सहयोग गरेको जनताले नै देखेका छन् । तर, सरकार जिम्मेवार बन्न सकेन । सरकारले चलिरहेको संसद अचानक स्थगित गरेर भागेको र बजेटसमेत अध्यादेशबाट ल्याएको छ ।'

नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले राजनीतिक परिवर्तनसँगै दलहरु नयाँ अध्यायमा पुगेको बताएका थिए । मुख्यमन्त्रीले प्रदेशको अवस्था जानकारी गराइरहनु भन्दा पनि राजीनामा दिएर नयाँ सरकारको लागि बाटो खुला गरिदिनु नै उपयुक्त हुने आङ्बोले बताए ।

एकीकृत समाजवादीका दलका नेता राजेन्द्रकुमार राईले वर्तमान सरकारले प्रदेशमा सही नेतृत्व गर्न नसकेको आरोप लगाए । मुख्यमन्त्रीको जिम्मेवारीवहन गरिसकेका राईले एमालेले अन्य दललाई सधै पेलेर काम गर्ने, सरकार चलाउँदा एकलौटी रुपमा प्रस्तुत हुने र आवश्यक पर्दामात्र सम्झेर समर्थन पाउन नसकिने बताए । उनले समाजवादीले विश्वासको मत दिन नसक्ने प्रष्टाए ।

सत्तामा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाले भने सरकार सही ढंगबाट अघि बढिरहेको जनाएको छ । राप्रपाका प्रदेश सभासदस्य अम्बरबहादुर विष्टले एमाले नेतृत्वको सरकारलाई पूर्ण समर्थन दिँदै सरकारलाई निरन्तरता दिने पक्षमा उभिएको जिकिर गरेका थिए ।

यसअघि, मुख्यमन्त्री कार्कीले विगतको सरकारले राख्न नसकेको प्रदेशको नाम यसै सरकारले राख्न सफल भएको बताएका थिए । उनले भने- 'अघिल्लो कार्यकालमा समेत सरकारले प्रदेशको नाम राख्न नसकेको अवस्था थियो । यसपटक सबै दलको सामुहिकतामा प्रदेशको नाम राखिएको छ । केही असन्तुष्टि देखिए, त्यसको समाधानका लागि प्रक्रियासंगै अघि बढ्न सकिन्छ । तर, संवैधानिक प्रक्रिया पूरा नाम राखिसकेपछि जिम्मेवार बनेका दलका नेताहरु नै फरकफरक मान्छेसँग फरकफरक कुरा गर्दै हिँडेका छन् ।'

यसैबीच मुख्यमन्त्री हिक्मतकुमार कार्कीले शुक्रवार बिहान ८ बजेसम्मका लागि बैठक स्थगन गर्न माग गर्दै सभामुख बाबुराम गौतमलाई पत्र पठाएका छन् । विश्वासको मतबारे छलफलमा उठेका प्रश्नको जवाफ दिने तयारी गर्न समय अपुग भएको भन्दै दलमार्फत पत्र पठाएको सभामुख बाबुराम गौतमले बताए । संसदमा उठेका प्रश्नको जवाफ तयार पार्न भन्दै मुख्यमन्त्री हिंडेका थिए ।

प्रहरी कार्यालय अगाडि झोला फ्यालिएपछि...

विराटनगर, असार १४। कोशी लोकमार्ग अन्तर्गत मोरङको बूढीगंगा गाउँपालिका-४स्थित इलाका प्रहरी कार्यालय नेमुवा अगाडि चेकजाँचका लागि खटिएको प्रहरी टोलीले लागूऔषध गाँजा बरामद गरेको छ ।

मोटरसाइकलमा आएका दुई जना युवाले सडकमा फालेको झोलाबाट अन्दाजी ३८ किलोग्राम गाँजा बरामद भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी रञ्जनकुमार दाहालले जानकारी दिए । उनका अनुसार चेकजाँचका लागि प्रहरी नायव निरीक्षक (सइ) उज्ज्वल शाक्य नेतृत्वको टोली खटिएको थियो ।

प्रहरी टोलीलाई देख्नासाथ नेमुवाको प्रहरी कार्यालय अगाडि झोला फ्यालेर मोटरसाइकलमा सवार रहेका युवा फरार भएका थिए । पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको नम्बर नखुलेको मोटरसाइकल चेकजाँचका लागि प्रहरीले बिहान ५ बजेतिर रोक्न खोजेको थियो । डीएसपी दाहालले जेब्रा झोला र पछाडि बोकेको भिर्ने झोला सडकमा फालेर मोटरसाइकलमा सवार

(बाँकी अन्तिम पृष्ठमा)

अदालतका कर्मचारीलाई कुट्ने वकिल पक्राउ

काठमाडौं, असार १४। प्रहरीले ललितपुर जिल्ला अदालतका कर्मचारीलाई कुटपिट गरेको आरोपमा एकजना वकिललाई पक्राउ गरेको छ ।

अदालतकी महिला कर्मचारीले आफूलाई कुटपिट तथा अभद्र व्यवहार गरेको भनेर जाहेरी दिएपछि वकिल अमिर लामिछानेलाई पक्राउ गरिएको ललितपुरका प्रहरी उपरीक्षक नवराज कार्कीले जानकारी दिए ।

अदालतको मिसिल नदिएको भन्दै उनले कुटपिट गरेको आरोप लागेको प्रहरीले जनाएको छ । लामिछानेलाई फोटोकपी लिएर जान अनुरोध गर्दा पनि नमानेको बताइएको छ । उनीविरुद्ध अभद्र व्यवहार कसुरमा मुद्दा अघि बढाउने प्रहरीले जनाएको छ । विहीवार सार्वजनकि बिदा भएकाले भोलिमात्रै म्याद थप हुने प्रहरी उपरीक्षक कार्कीले बताए ।

गुणस्तरहीन औषधि खरिद-बिक्री नगर्न निर्देशन

झापा, असार १४। औषधि व्यवस्था विभागले गुणस्तरहीन औषधि खरिद-बिक्री नगर्न अस्पतालमा सञ्चालित फार्मेसीहरूलाई निर्देशन दिएको छ ।

कतिपय अस्पतालका फार्मेसीबाट बिक्री-वितरण हुने औषधिको गुणस्तरबारे विभागमा गुनसो आएको भन्दै विभागले गुणस्तरहीन औषधि खरिद-बिक्री नगर्न निर्देशन दिएको हो ।

औषधि व्यवस्था ऐनको दफा १२ अनुरूप गुणस्तरीय औषधि मात्र खरिद गर्न विभागले निर्देशन दिएको छ । खरिद तथा बिक्री गर्दा गुणस्तरमा शंका लागेमा सम्बन्धित निकायलाई जानकारी गराउन पनि विभागले आग्रह गरेको छ ।

धरानमा फैलियो डेंगी

धरान, असार १४। सुनसरीको धरान उपमहानगरपालिकामा डेंगी रोगको संक्रमण फैलिएको छ । संक्रमणका कारण दुईजनाको मृत्यु भएको छ । धरान-१७का दुई महिलाको मृत्यु भएको उपमहानगरका वरिष्ठ कविराज रामबाबु यादवले जानकारी दिए ।

उनका अनुसार संक्रमितमध्ये एकजनाको १२ दिनअघि र एकजनाको बुधबार मृत्यु भएको हो । उपमहानगरका २० मध्ये अधिकांश वडामा डेंगी फैलिएको र संक्रमितको संख्या ५०० भन्दा बढी पुगेको यादवले बताए । यो वर्ष धरानमा जेठ पहिलो सातादेखि फैलिएको डेंगी अहिले भयावह

(बाँकी अन्तिम पृष्ठमा)

भण्डारी र ओलीसहित १३ जनाको नाम मेटाइयो

काठमाडौं, असार १४। पशुपतिनाथको मन्दिरको जलहरीमा राखेको तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी र पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसहित १३ जनाको नाम मेटाइएको छ ।

पशुपतिमा जलहरी प्रकरणपछि अख्तियारले सुनको नापजाँच गरेपछि जलहरीमा लेखिएको नाम मेटेर राखिएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले बताए ।

मन्त्री किरातीले भने- '१३ जनाको नाम रहेछ, नाम लेखाउनु पनि एउटा

(बाँकी अन्तिम पृष्ठमा)

कोशीमा १६.९६% रोपाइँ

पार्थ मण्डल

रासायनिक मलको अभाव छैन

झापा, असार १४। आज (असार १५) २०औं राष्ट्रिय धान दिवस । यो वर्ष 'जल वायु अनुकूलित कृषक मैत्री प्रविधि, धान उत्पादनमा वृद्धि' भन्ने नाराका साथ देशभर राष्ट्रिय धान दिवस मनाइँदैछ ।

राष्ट्रिय धान दिवस मनाउन कोशी प्रदेशका १४ वटै जिल्लामा धान रोपाइँको तयारी पूरा भएको कृषि विकास निर्देशनालय विराटनगरका प्रमुख प्रकाशकुमार डाँगीले जानकारी दिए ।

असार १३ गतेसम्म कोशी प्रदेशमा १६ दशमलव ९६ प्रतिशत धान रोपाइँ भएको छ । अघिल्लो वर्षको तुलनामा एक प्रतिशत कम रोपाइँ भएको जिल्लागत तथ्याङ्कले देखाएको प्रमुख डाँगीले बताए । 'कृषि ज्ञान केन्द्रहरूबाट प्राप्त जानकारी अनुसार अहिलेसम्म कुनै पनि जिल्लामा रोपाइँ गर्न समस्या देखिएको छैन'- निर्देशनालय प्रमुख डाँगीले भने- 'सुख्खा मौसमका कारण अघिल्लो वर्ष रोपाइँमा समस्या देखिएको थियो, यस वर्ष बेलैमा पानी परेकोले उत्साहपूर्वक धान दिवस मनाउन सबै जिल्लामा तयारी पूरा भइसकेको छ ।'

सबैभन्दा बढी रोपाइँ पहाडी जिल्ला सोलुखुम्बू र कम उदयपुरमा भएको छ । हालसम्मको रोपाइँ तथ्याङ्क अनुसार सोलुखुम्बूमा ३५ प्रतिशत, उदयपुरमा ३ प्रतिशत, धनकुटामा ५प्रतिशत, ताप्लेजुडमा ३७ प्रतिशत, संखुवासभामा १० प्रतिशत, पाँचथरमा २५ प्रतिशत, इलाममा २० प्रतिशत, भोजपुरमा ३४ दशमलव ३९ प्रतिशत, तेह्रथुममा ३० प्रतिशत, ओखलढुङ्गामा १० प्रतिशत, खोटाङमा १४ प्रतिशत, झापामा १८ प्रतिशत, मोरङमा १० प्रतिशत र सुनसरीमा २० प्रतिशत भएको कृषि प्रचार अधिकृत अभिमन्यु अधिकारीले जानकारी दिए ।

'पहाडी क्षेत्रमा असार लागेदेखि नै रोपाइँ शुरु भएकोले पहाडी जिल्लाहरूमा रोपाइँ प्रतिशत बढेको हो'- कृषि प्रचार अधिकृत अधिकारीले भने- 'तराईका जिल्लाहरूमा ढिलो गरी पानी परेकोले रोपाइँ प्रतिशत कम भएको हो, असार १५ पछि प्रतिशत बढ्नेछ ।' 'अघिल्लो वर्ष जस्तो यस वर्ष कृषकलाई सहुलियत र अनुदानमा दिने रासायनिक मलको अभाव छैन'- अधिकारीले भने ।

कोशी प्रदेशमा रासायनिक मल ६५ हजार मेट्रिक टन युरिया, २२ हजार मेट्रिक टन डीएपी र १७ हजार मेट्रिक टन पोटास माग रहेको छ । '३२ हजार मेट्रिक टन युरिया, १६ हजार मेट्रिक टन डीएपी र १३ हजार मेट्रिक टन पोटास कोशी प्रदेशमा आए यहाँका कृषकहरूलाई पुग्छ'- कृषि प्रचार अधिकृत अधिकारीले भने- 'अहिलेसम्म ४३ हजार मेट्रिक टन युरिया, १४ हजार मेट्रिक टन डीएपी र १ हजार १७६ मेट्रिक टन पोटास कृषकलाई वितरण गरिसकेका छौं ।' रोपाइँका लागि भर्खरै कृषि सामग्री कम्पनीमा ५ हजार ५४३ मेट्रिक टन र साल्ट ट्रेडिङमा ४ हजार ८४२ मेट्रिक टन डीएपी मल आएको छ । १०देखि १५ दिनभित्र

(बाँकी अन्तिम पृष्ठमा)

आकर्षक घडेरीहरु बिक्रीमा

धुलावारीको मुटुमा पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको, बनिदै गरेको फाइभ स्टार होटलको प्राङ्गणमै, अति आकर्षक टुक्रा जग्गाहरु व्यवसायिक प्रयोजनको लागि बिक्रीमा छन् । समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क: whatsapp/Viber
9617736764, 9824012718
Mobile: 9824012718

फल्याट भाडामा

कार्यालय तथा आवासका लागि व्यवस्थित फल्याट भाडामा ।
सुरक्षित कम्पाउण्ड र पार्किङसहित ।
बाल्मीकि स्कूल बिर्तामोड छेऊ
मो. ९८४४६८५६०५

शिक्षक आवश्यकता सम्बन्धी सूचना

यस **सेन्ट जेभियर्स स्कुल**, देउनिया, झापामा माध्यमिक तहका लागि निम्न विषयका शिक्षक आवश्यकता परेको हुँदा इच्छुक योग्यता पुगेका आवेदकहरुले यही मिति २०८० साल असार १५ गते भित्र आफ्नो शैक्षिक कागजातसहित C.V. संलग्न गरी निवेदन दिनसक्नुहुनेछ । निवेदन विद्यालयमा आएर अथवा इमेलमा पठाएर दिन सक्नुहुनेछ ।

S.N.	Level	Subject	Experience	Qualification	Required No
1	Secondary	Chemistry	2 Years (Minimum)	M.Sc.	1
2	Economics	Economics	2 Years (Minimum)	MBA	1
3	Lab Assistant	Chemistry, Biology, Physics	2 Years (Minimum)	BSc	1

सम्पर्क : सेन्ट जेभियर्स स्कुल, देउनिया, झापामा
फोन नं ०२३-४२५०७१, मो. ९८२६९,२५७२२, ९७४९२४३१६६
इमेल : stxavierdeonia@gmail.com

जगगादाताको शालिक: देवी माध्यमिक विद्यालय बिर्तामोडका जगगादाता स्व. रामबाबु प्रसाईको अर्धकदको शालिक स्थापना गर्ने तयारी। उक्त शालिक विद्यालयमा ल्याएको जनाइएको छ। **तस्वीर: देवी माविको फेसबुकपेजबाट**

यी हुन् ७७ वटै जिल्लाका रास्वपा सम्पर्क सांसद

झापा, असार १४। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले देशभरका ७७ वटै जिल्लामा आफ्ना सांसदको जिम्मेवारी तोकेको छ। जनताको आवाज संसद्सम्म पुऱ्याउनका लागि सांसदलाई जिल्ला सम्पर्कको जिम्मेवारी दिइएको पार्टी सभापति रवि लामिछानेले जानकारी दिए।

बेथिति, भ्रष्टाचार, विकास योजनाजस्ता समस्या भएमा सांसदलाई सम्पर्क गर्न सकिने र त्यसका लागि अत्यावश्यक अवस्थामा गर्नुपर्ने फोनबाहेक आफ्ना सूचना र सन्देश ह्वाट्सएपमा पठाउन रास्वपाले आग्रह गरेको छ।

रास्वपाले विज्ञप्ति जारी गरी सांसद डोलप्रसाद अर्याललाई बारा, धादिङ, कञ्चनपुर र कैलाली, विराजभक्त श्रेष्ठलाई गुल्मी, दार्चुला, अछाम र पाल्पा, सन्तोष परियारलाई भक्तपुर, अर्घाखाँची, दैलेख र बाजुरा, निशा डाँगीलाई झापा, मोरङ, इलाम र सल्यान, मनिष झालाई धनुषा, रौतहट, रुपन्देही र बझाङ, गणेश पराजुलीलाई ओखलढुङ्गा, खोटाङ, सिराहा र डडेलधुरा, सोविता गौतमलाई दोलखा, रामेछाप, सिन्धुपाल्चोक र जाजरकोट, सुमना श्रेष्ठलाई रसुवा, काठमाडौं, रुकुमपूर्व र रुकुमपश्चिम, डा. तोसिमा कार्कीलाई ताप्लेजुङ, पाँचथर, डोटी र ललितपुरको जिम्मेवारी तोकिएको जनाएको छ।

यसैगरी शिशिर खनाललाई रोल्पा, दाङ, सर्लाही र सप्तरी, हरि ढकाललाई सोलुखुम्बु, चितवन, नवलपुर र उदयपुर, डा. स्वर्णिम वाग्लेलाई गोरखा, पर्सा, बैतडी र तनहुँ, डा. चन्दा कार्कीलाई भोजपुर, सिन्धुली, मनाङ र महोत्तरी, असिम साहलाई काभ्रेपलाञ्चोक, नुवाकोट, मुस्ताङ र कपिलवस्तु, लक्ष्मी तिवारीलाई प्युठान, परासी, बर्दिया र बाँके, अशोककुमार चौधरीलाई धनकुटा, तेह्रथुम, संखुवासभा र सुनसरी, शिव नेपालीलाई लमजुङ, म्याग्दी, पर्वत र कास्की, विनिता कठायतलाई जुम्ला, कालिकोट, मुगु, हुम्ला, सुखेंत र डोल्पा तथा विन्दबासिनी काडसकारलाई स्याङ्जा, बाग्लुङ र मकवानपुरको जिम्मेवारी तोकिएको छ।

नीतिगत सुधार र जनसवालका विषयमा हाम्रा सांसदहरूसँग देशभरका सचेत नागरिकले सीधा सम्पर्क गरी आफ्नो आवाज संसद्सम्म बुलन्द गर्न, आम आवाजलाई नीतिमा समेट्ने र अब्बल नीति र त्यसको कार्यान्वयनमार्फत मुलुकको अवस्था बदल्नका लागि सांसदहरूलाई विभिन्न जिल्लाको सम्पर्क सांसदको जिम्मेवारी तोकिएको ब्यहोरा सबैलाई विनम्र सूचित गर्दछौं- विज्ञप्तिमा भनिएको छ।

पाँचपोखरीमा वृक्षरोपण

बुद्धशान्ति, असार १४। डिभिजन वन कार्यालय झापाले बुद्धशान्ति गाँउपालिका-५मा रहेको पाँचपोखरी सामुदायिक वन क्षेत्रमा वृक्षरोपण गरेको छ।

वृक्षरोपण दिवसको अवसरमा कार्यालयले सामुदायिक वन क्षेत्रको पाँच हेक्टर खाली जमिनमा विभिन्न जातका विरुवा रोप्ने योजना रहेको कार्यालयले जनाएको छ।

'सन्ततिका लागि सोचौं, समृद्धि र हरियालीका लागि रुख रोपौं' भन्ने नाराका साथ आयोजना गरिएको वृक्षरोपण कार्यक्रममा अरिदमन गण चारआली, इलाका प्रहरी कार्यालय बुधबारे, सामुदायिक वन उपभोक्ता महासंघ लगायत स्थानीय उपभोक्ताको सहभागिता रहेको थियो।

संविधान प्रदत्त स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सार्थक बनाउनका लागि वृक्षरोपण दिवसको अवसरमा विभिन्न जातका ३०० विरुवा रोपिएको र सो क्षेत्रमा करिव आठ हजार बिरुवा रोपिने रेञ्जर डिल्लीराज खरेलले जानकारी दिए।

यौनजन्य दुर्व्यवहार गर्ने पुजारी निलम्बित

पाल्पा, असार १४। पश्चिम नेपालकै धार्मिक तथा ऐतिहासिक पाल्पा भैरवस्थान मन्दिरका मुख्य पुजारी जितनाथ योगीलाई निलम्बन गरिएको छ।

मन्दिरका मूल पुजारी जितनाथ योगीले महिला दर्शनार्थीमाथि यौनजन्य तथा अभद्र व्यवहार गरेपछि जिम्मेवारीबाट निलम्बन गरिएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ।

समितिले प्रेस विज्ञप्ति जारी गर्दै पुजारीबाट भएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। पुजारी योगीले दर्शनका लागि आउने महिला दर्शनार्थीमाथि पटक-पटक अभद्र व्यवहार गर्ने गरेको घटना विभिन्न सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो।

पुजारीको व्यवहारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै मन्दिर व्यवस्थापन समितिले सत्यतथ्य छानविन नहुँदासम्म पुजारीलाई सम्पूर्ण जिम्मेवारीबाट निलम्बन गरिएको जानकारी दिएको छ।

वृद्धवृद्धालाई फलफूल तथा दूध वितरण

झापा, असार १४। हरिशयनी एकादशी पर्वको अवसर पारेर परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई फलफूल तथा दूध वितरण गरिएको छ।

सामाजिक कार्यमा सक्रिय रहेकी बिर्तामोड-५ पाथीभरा टोल निवासी आरती श्रेष्ठ लिम्बूले वृद्धवृद्धालाई फलफूल तथा दूध वितरण गरेकी हुन्। कतिपय वृद्धवृद्धा ब्रत बस्ने हुनाले उनीहरुलाई दूध र फलफूल बितरण गरिएको लिम्बूले बताइन्।

आफ्नो चार बर्षीय नाति ओनामहाङ राई कान्ति वाल अस्पताल काठमाडौंमा उपचाररत् रहेको र नातिको स्वास्थ्य लाभको कामनासहित वृद्धवृद्धासँग आर्शिवाद समेत मागिएको उनको भनाइ छ। लिम्बूसँगै वृद्धाश्रम पुगेका सीता तिम्सिना, गीता कट्टेल, देवी थापाले बितरण कार्यमा सहजीकरण गरेका थिए। आश्रममा रहेका ४० जना वृद्धवृद्धालाई २८ पोका दूध र आँप वितरण गरिएको थियो। आरतीले यसअघि पनि हरेक वर्ष आफ्नी माता पञ्चमती लिम्बूको स्मृतिमा वृद्धवृद्धालाई जमरे औंशीका दिन सहयोग गर्दै आएकी छिन्।

कोशी प्रदेश नाम संशोधनको माग गर्दै इलाममा प्रदर्शन

इलाम, असार १४। कोशी प्रदेश नाम संशोधनको माग गर्दै पहिचानवादीहरुले इलाममा प्रदर्शन गरेका छन्।

ऐतिहासिक पृष्ठभूमिको आधारमा नामकरण गर्नुपर्ने माग गर्दै पहिचानवादीहरुले एमाले नेता योगेश भट्टराईलाई कालो झण्डा समेत देखाए।

मदन भण्डारीको ७२औं जन्मजयन्तीको अवसरमा मदन भण्डारी फाउण्डेशन इलामले आयोजना गरेको कार्यक्रममा सहभागी हुन सदरमुकाम इलाम बजार आइपुगेका भट्टराईलाई कालो झण्डा देखाइएको हो। पहिचानवादीहरुले कोशी प्रदेश मान्दैनौं, हत्या हिंसा बन्द गर, योगेश भट्टराई मुर्दावाद लगायतका नारा लगाएका थिए।

भण्डारीको जन्मजयन्तीमा रक्तदान

मेचीनगर, असार १४। तत्कालीन नेकपा एमालेका महासचिव मदनकुमार भण्डारीको बिहीबार ७२औं जन्मजयन्ती विविध कार्यक्रम गरी मनाइएको छ। भण्डारीको जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउण्डेशन झापाले बिर्तामोडमा रक्तदान कार्यक्रम गरेको छ।

नेपाल रेडक्रस सोसाइटी बिर्तामोडको प्राविधिक सहयोगमा भएको रक्तदानमा कोशी प्रदेशसभाका पूर्व सदस्य एवम् नेकपा एमाले कोशी प्रदेश कमिटी सचिवालय सदस्य बसन्त बाँनियाले ४८औं पटक रक्तदान गरेर शुभारम्भ गरेका थिए। कार्यक्रममा बिर्तामोड नगरपालिका वडानम्बर ३का वडाध्यक्ष मदन बुढाथोकीले २७ औंपटक रक्तदान गरे। कार्यक्रममा कूल ३५ जनाले रक्तदान गरेका थिए।

अनेरास्वियू सहआयोजक रहेको कार्यक्रमको प्रमुख अतिथि नेकपा एमाले झापा जिल्ला कमिटीका इञ्चार्ज विशाल भट्टराईले नेपाली कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणका लागि 'जनताको बहुदलीय जनवाद' (जबज) को सिद्धान्त प्रतिपादन गरी स्वर्गीय भण्डारी जनतामाझ लोकप्रिय हुन सफल भएको बताए।

वि.सं २००९ असार १४ गते ताप्लेजुङको दुङ्गेसाँघुमा जन्मिएका भण्डारीको वि.सं. २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा दुर्घटनामा परी निधन भएको थियो। उनलाई नेपालको राजनीतिक वृत्तमा माक्सवादको नवीन प्रयोगकर्ता, विचारक तथा जनताको बहुदलीय जनवाद सिद्धान्तका प्रवर्तक मानिन्छ।

नेकपा एमाले झापाका कार्यालय सचिव शिव ढुंगेलले सञ्चालन गरेको कार्यक्रममा नेकपा एमाले केन्द्रीय सदस्य मीना पोखरेल उप्रेती, प्रदेश कमिटी सचिवालय सदस्य लक्ष्मी राई, नेताहरु हरिचरण शिवाकोटी, बद्री भट्टराई, टीकाराम मंग्रान्ती, नेकपा एमाले बिर्तामोड नगर कमिटी अध्यक्ष सुवास भट्टराई, मेचीनगर अध्यक्ष खेमराज पोखरेल, अनेरास्वियूका केन्द्रिय सचिव मनोज ताम्ली, केन्द्रीय सदस्य रोशन लामा, झापा अध्यक्ष बलराम गिरीलगायतको उपस्थिति रहेको थियो।

इलामका गाउँ-गाउँमा प्रहरीको सचेतना

युद्धबहादुर बोहोरा

इलाम, असार १४। जिल्ला प्रहरी कार्यालय इलामले जिल्लाका सबै स्थानीय तहमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिरहेको छ।

अपराधमुक्त र शान्तिपूर्ण समाज निर्माणका लागि १० वटै स्थानीयतहमा समन्वय गरी जिल्लाका ४७ प्रहरी युनिट, चारवटा इलाका प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालयको सक्रियतामा कार्यक्रमहरु सञ्चालन गर्दै आएको प्रहरी कार्यालय इलामका प्रहरी निरीक्षक तथा सूचना अधिकारी प्रदीप सुवेदीले जानकारी दिए।

विभिन्न राष्ट्रिय दिवशका अवसरमा प्रहरी कार्यालयले दिवशको उद्देश्य अनुरुप स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वय गरेर जनचेतना फैलाउने अभियानसहित विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय जनप्रतिनिधि, युवायुवती, नेपाल सशस्त्र प्रहरी बल, बुद्धिजीवीलगायतको सहभागितामा हरेक स्थानमा कार्यक्रम तथा गतिविधिहरु भइरहेको जनाएको छ।

लागूऔषध दुर्व्यसन, ओसारपसार, बिक्री वितरणमा रोकथाम, नियन्त्रण तथा साइवर अपराधलाई न्यूनीकरण गर्न प्राथमिकता दिँदै 'तपाईले चाहे एकदिन' भन्ने विशेष अभियान २०८० बाट समाजमा चेतना विस्तार गरिरहेको छ। बालश्रम, बाल विवाह, यौनजन्य अपराधविरुद्ध प्रशिक्षण तथा सूचना सामग्री, ब्रोसर वितरण, जनचेतनामूलक जिङ्गल प्रशारणमार्फत जानकारी दिँदै आएको बताइएको छ।

जातीय भेदभाव तथा छुवाछूत उन्मुलन, लैङ्गिक हिंसा, महिला बालबालिका तथा घरेलु हिंसा विरुद्ध समुदाय र प्रहरी बीचको समन्वय, सहकार्य र अन्तरक्रिया गरिएको छ। समाजमा हुने विभिन्न अपराधिक घटनाको गहिरो अनुसन्धान साथै तत्काल अपराधीलाई नियन्त्रण गर्ने प्रकृया बारे जानकारी गराइँदै आएको छ।

यसैगरी, ट्राफिक नियम, चालकसँग १ मिनेट कार्यक्रम अन्तर्गत वर्षात्को समयमा हुस्सु बढी लाग्ने भएकोले गति सीमित गर्ने, फग लाइट बालेर गाडी चलाउन, घुमाउरो बाटोहरुमा सावधानीपूर्वक चलाउने, सिटबेल्ट लगाएर मात्र चलाउन, क्षमताभन्दा बढी यात्रुहरू नबोक्न, प्रयोजन विपरीत सवारी साधनहरु नचलाउन, सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्दै आएको छ।

मनसुनजन्य विपद प्रतिकार्यको सिमुलेशन अभ्यास, दैवीप्रकोप न्यूनीकरण, समुदाय र प्रहरी साझेदारी कार्यक्रम जिल्ला प्रहरी कार्यालय इलाम तथा मातहत इकाइहरुले निरन्तर रुपमा सञ्चालन गरिरहेका छन्।

आत्महत्या रोकथाम तथा न्यूनीकरण, सुख्खा मौसममा असावधानीको कारण आगलागीबाट हुन सक्ने क्षति र सावधानी अपनाउनुपर्ने कुरा, सरसफाई तथा वृक्षरोपण, शैक्षिक संस्थाहरुमा शल्यक्रियासहितको निःशुल्क आँखा शिविर, नागरिकमैत्री प्रहरी सेवा तथा मानव अधिकार विशेष अनुशिक्षण तालिम, रेडियो कार्यक्रम प्रहरी कार्यक्रम, विभिन्न विधाका प्रशिक्षकमार्फत मोटिभेशनल आर्ट, बाँच्ने कला र जिउने कला, योग ध्यान सिकाउँदै सचेतना फैलाउने काम गरेको प्रहरी निरीक्षक सुवेदीले बताए। वैदेशिक रोजगारमा हुने ठगी, ठगीको प्रकार, वैदेशिक रोजगार र मानव बेचबिखन तथा प्रहरीको भूमिका विषयमा पनि प्रशिक्षण दिइँदै आएको छ।

यसैबीच, लागूऔषध अन्तर्राष्ट्रिय दिवसको अवसरमा फाकफोकथुम गाउँपालिकाका विभिन्न विद्यालयमा अभियान सञ्चालन गरिएको छ। पालिकाको आयोजनामा ३ नम्बर वडास्थित सिंहदेवी माबि आमचोक र १ नम्बर वडाको छायाँदेवी माबि लुइसुइदाइमा पनि सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको १ नम्बर वडाका सचिव बिनोद कार्कीले जानकारी दिए।

चलचित्र 'परस्त्री' प्रदर्शनमा

नेपाली चलचित्र 'परस्त्री' नेपाल र भारतमा एकसाथ प्रदर्शनमा आएको छ।

प्रायः शुक्रबार नयाँ चलचित्र प्रदर्शन हुने गरे पनि विशेष कारणले बिहीबार नै प्रदर्शन गरिएको निर्देशक सुरज पाण्डेले जानकारी दिए। हामीले बिहीबारबाटै प्रदर्शनमा ल्याउने निर्णय गरेका हौं। नेपालमा नेपाली र भारतमा हिन्दी भाषामा चलचित्र प्रदर्शन भइरहेको छ- उनले भने।

चलचित्र 'परस्त्री' का वितरक करण श्रेष्ठले एक दिन अगाडि प्रदर्शन हुने विषयमा चलचित्र भवनले प्रचार गरिसकेको जानकारी दिए। उनले भने- विदेशी चलचित्रसमेत बिहीबार नै आउँदैछ। त्यसैले हामीले पनि यहीं समय रोजेका हौं।

चलचित्रमा कोशिस क्षेत्री, शिल्पा मास्के, गौरव विष्ट, एलिसा क्षेत्री, अशान्त शर्मा, गीत विष्ट, रामबाबु रेग्मी, सरस्वती अधिकारी, अर्पित न्यौपानेलगायतले अभिनय गरेका छन्। निर्देशक दीपेन्द्रकुमार खनालको लेखन रहेको उक्त चलचित्रलाई काठमाडौंमा करण श्रेष्ठ र मोफसलमा अशोक शर्माले वितरण गरेका हुन्।

सहाराद्वारा ...

अभियानमा डोर्‍याउँदै उद्यमी र स्वालम्बी बनाउँदै देशकै उत्कृष्ट मध्येको एकमा पर्न सफल सहारा नेपालले ग्रामीण क्षेत्रलाई प्राथमिकतामा राखेर प्रदेश १मा आफ्ना कार्यक्रमहरू प्रवाह गर्दै आएको छ।

सहारा नेपालले महिला सदस्य मात्र होइन श्रीमानको निधन हुँदापनि परिवारमा ऋणको भार नपरोस् भनेर ऋण मिनाहा गर्दै आएको र गिरीको नाममा चालू रहेको २ लाख ४० हजार मिनाहा गरिएको र संस्थालाई तिरी सकेको २ लाख पनि फिर्ता गरिएको बुट्टाबारी सेवा केन्द्र प्रमुख दिलीप गिरीले जानकारी दिए।

प्रहरी...

व्यक्ति फरार भएको बताए।

उनका अनुसार नियन्त्रणमा लिएर दुवै झोला चेकजाँच गर्दा अन्दाजी ३८ किलोग्राम गाँजा बरामद भएको हो। फरार रहेको मोटरसाइकल र मोटरसाइकलमा सवार दुई जनाको खोजी जारी राखिएको दाहालले बताए। उनका अनुसार नेपालमा अवैध हिसाबले उत्पादन गरिने गाँजा भारततिर लैजान खोजिएको हुनसक्ने आशंका छ।

भण्डारी ...

भ्रष्टाचार हो। नाम नलेखाइदिएको भए हुन्थ्यो। कति जनाको नाम लेख्दै जाने ? नाम लेखेर पो के हुन्छ र ? पशुपतिभन्दा मान्छे त माथि भईदैन।'

धरानमा ...

बनेको छ। हामीले खोज र नष्ट गर्ने अभियान पनि चलाइरहेका छौं, तर अधिकांश संक्रमित घरमै रहने, उपचारमा नपुग्ने भएकाले संक्रमण फैलिँदै गएको छ- उनले भने।

कोशीमा ...

कोशीमा थप मल आउने उनले बताए।

धान उत्पादन बढाउन कृषि ज्ञान केन्द्र, स्थानीय सरकारमार्फत कृषकलाई विभिन्न प्रोत्साहनसहितको कार्यक्रम गर्दै आइरहेको उनको भनाइ छ। यस प्रदेशमा आर्थिक वर्ष २०७८/०७९मा ३ लाख ३६ हजार १२३ हेक्टर जमिनमा १२ लाख ८२ हजार ५७३ मेट्रिक टन धान उत्पादन भएको निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ। सबैभन्दा बढी धान उत्पादनमा झापा जिल्लामा ४ लाख २३ हजार ९६६ मेट्रिक टन धान उत्पादन भएको तथ्याङ्कले देखाएको छ।

फिफा वरियता: नेपाल एकस्थान तल झर्‍यो

काठमाडौं, असार १४। विश्व फुटबलको सर्वोच्च निकाय फिफा वरियतामा नेपाल एक स्थान तल झरेको छ।

फिफाले बिहीवार सार्वजनिक गरेको नयाँ वरियताअनुसार नेपाल १७५औं स्थानमा झरेको हो। यसअघि नेपाल १७४औं स्थानमा रहेको थियो। दक्षिण एशियाली राष्ट्रमा भारत अग्रस्थानमा छ। भारत १००औं स्थानमा छ। यस्तै माल्दिभ्स १५४औं स्थानमा यथावत रहँदा भुटान एक स्थान सुधार गर्दै १८४औं स्थानमा उक्लेको छ। यसैगरी बङ्गलादेश १९२औं स्थानमा यथावत छ भने पाकिस्तान २०१औं स्थानमा झरेको छ। श्रीलङ्का २०७औं स्थानमा छ।

विश्व वरियतामा अर्जेन्टिना शीर्ष स्थानमा यथावत छ भने फ्रान्स दोस्रो रहेको छ। त्यस्तै ब्राजिल तेस्रो, इङ्गल्यान्ड चौथो तथा बेल्जियम पाँचौं स्थानमा छन्।

आरोपी तीन जनाद्वारा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता

काठमाडौं, असार १४। ललिता निवासको जग्गा हिनामिना प्रकरणमा पक्राउ परेका चारमध्ये तीन जना बन्दी प्रत्यक्षीकरणको रिट लिएर सर्वोच्च पुगेका छन्।

सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले तीन जनाले बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गरेको जानकारी दिए। उनका अनुसार यसरी रिट लिएर जानेमा पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङ र मालपोत कार्यालयका पूर्वकर्मचारी धर्मप्रसाद गौतम रहेका छन्। उक्त रिटमाथि शुक्रबार सुनुवाइ हुने जनाइएको छ।

अर्का गोपाल कार्कीसहित उनीहरुलाई यही असार १२ गते प्रहरीले पक्राउ गरेको थियो। यही १३ गते अदालतमा पेस गरिएकामा काठमाडौं जिल्ला अदालतले सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिइसकेको छ।

सर्वोच्चबाट स्टेअडर ल्याएको पाइएपछि पक्राउ परेकामध्ये कलाधर देउजा, सुरेन्द्रमान कपाली र हुपेन्द्रमणि केसीलाई कागज गरेर छाडिएको छ। विसं २०४९ देखि २०६९सम्ममा सरकारको स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी भएको फेला परेको थियो।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (५८४४६४२०५५/ ५८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (५८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-५८०७५१०२२२/सञ्जय श्रेष्ठ ५८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

माटोप्रतिको मोह
असार १५

'मानो खाएर मुरी उब्जाउने' महिना हो असार । त्यसमा पनि असारको १५ लाई सांस्कृतिक उत्सव जत्तिकै मानिन्छ । आज 'राजा-रानी पनि धान रोप्न जान्छन्' भनिन्थ्यो कुनै दिन । अर्थात् धनी-गरीब, हुने खाने-हुँदा खाने लगायत समाजका सबै वर्गका लागि असार महिना र अझ १५ गते विशेष उत्सव सरह हुन्थ्यो । नेपाल एक त कृषि कर्म र पेशाबाट चिनिएको त्यसमाथि राष्ट्रिय आयको मुख्य स्रोत नै कृषि उत्पादन भएकाले कृषि प्रधानता हाम्रो परिचय हुने नै भयो । त्यहीकारण अनेक कविहरुले किसानको कर्मठता, धैर्य र निरन्तरको साधनालाई सम्मान गर्दै कविता लेखे । किसानको सेवा, समर्पण र योगदानको प्रशंसा गरे । उनै किसानको मनोबल उच्च राखी उनीहरुको श्रमको सम्मान गर्ने उद्देश्यले आजको दिनलाई धान दिवसका रुपमा मनाउन थालिएको हो ।

कृषि तथा सहकारी मन्त्रालयको आह्वान अनुसार असार १५ गते कृषि कर्मसँगै औपचारिक कार्यक्रमका साथै माटोको सम्मान गर्न धान रोपाइँमा सहभागी हुन थालिएको हो । जात्राका रुपमा मनाउन थालिएको धान दिवसमा एकापसमा हिलो छ्यापेर र दहीच्यूरा खाएर मनोरञ्जन गर्ने चलन पुरानै हो, तथापि मध्य वर्षाको यो दिनको बेग्लै र विशिष्ट परम्परा छ । देशको प्रमुख उत्पादन मध्येको मुख्य बालीका रुपमा रहेको धानले कूल खाद्य उत्पादनको पचपन्न प्रतिशत योगदान दिएको छ । कृषि विभागको तथ्यांक अनुसार करिब चौध लाख हेक्टर जग्गामा धानखेती हुन्छ, जहाँबाट सत्चालीस लाख मेट्रिक धान उत्पादन हुन्छ । कूल जमिनको तराईमा सत्तरी प्रतिशत, पहाडमा छब्बीस र हिमाली प्रदेश चार प्रतिशत जमिनमा धानखेती गरिन्छ ।

देशको मुख्य बाली, आम्दानीको मूल स्रोत र बहुसंख्यक नेपालीको प्रमुख पेशा भइकन पनि पछिल्लो समय धानमै परनिर्भर हुँदै गएको अवस्था चिन्ताको विषय हो । यसो हुनुका पछि युवाशक्तिको विकर्षण र विदेश पलायन, जग्गाको खण्डीकरण, बढ्दो जनसंख्या र भूमि आवास क्षेत्रका रुपमा उपयोग, आकाशे पानीमा भर पर्नुपर्ने बाध्यता, उन्नत जातका बीऊबिजन तथा मलखादको अभाव र राज्यका तर्फबाट अनुदान तथा बजारीकरणमा सहयोग नगर्नु मुख्य कारण हुन् । यी समस्याको समाधान गर्दै सिञ्चाइको समुचित व्यवस्था गर्न सकिए उत्पादन वृद्धि हुने निश्चित छ । त्यसो भए युवाशक्तिको पलायन पनि रोकिन सक्छ, उत्पादकत्व वृद्धि गर्न र खाद्यवस्तुमा आत्मनिर्भर हुने वातावरण तयार गर्न सकिन्छ । त्यसैले माटोसँग रमाउने, हिलो खेल्दै सिर्जना फुलाउने नेपालीको यो मौलिक र विशिष्ट संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन गर्न राज्यकै भूमिका प्रमुख रहनुपर्छ । अनि मात्र धान दिवसको औचित्य पुष्टि गर्न सकिन्छ । भावीपुस्तालाई समेत पितापुर्खाले मानेका यस्ता सांस्कृतिक पर्वप्रति आकर्षित गर्न सकिन्छ ।

असार १५

दही, चिउरा र धान दिवसको महत्व

प्रल्हाद दाहाल

असार १५ नेपाली समाजमा खेतमा रोपाइँ गरी दही-चिउरा खाएर मनाउने परम्परा छ । असार १५ मा रोपाइँ सकेको खुशीयालीमा भोजस्वरूप दही र चिउरा खाने दिनको रूपमा पनि चिनिएको हो । सरकारले यस दिनमा धान दिवस समेत मनाउँदै आएको छ । नेपाली समाजमा परम्परागत रूपले नै असार १५ मा दही-चिउरा खाने प्रचलन रहँदै आएको हो ।

यस दिन रोपाइँ गरी दही चिउरा खानाले गति परिने विश्वास अनुरूप आफ्नो खेतीपाती नहुनेहरू पनि अरूको खेतमा रोपाइँ गरी हिलो छ्यापेर रमाइलो गरी दही-चिउरा खाने चलन हाम्रो समाजमा छ । रोपाइँ गीतको रन्कोमा रोपाइँ गर्नु असारको अर्को आकर्षण हो । असारको पहिलो सातादेखि मनसुन शुरू भएपछि असार १५ सम्म खेत गह्रामा लाठे र रोपारहरू असारे गीतको भाकासँगै रोपाइँमा व्यस्त हुने गर्दछन् । असार १५ सम्म लाठे र बाउसेलाई आली जोर्ने र मेलो बनाउन चटारो हुन्छ भने कोरीबाटी चिटिक्क परेर मेलामा झरेका रोपारहरू कोही ब्याडमा बीऊ काट्ने, कोही पखाल्ने र कोही मेलो पैट्याउने तर्खरमा जुटेको देख्दा हाम्रो नेपाली परम्परा साँच्चै रमाइलो र आकर्षक छ भन्ने कुरा प्रष्ट हुन्छ ।

कृषि प्रधान देश नेपालमा प्रमुख खाद्यान्न धानबालीको उत्पादनमा हुने घटबढले अर्थतन्त्रमा समेत प्रभाव पार्ने भएकाले रोपाइँको ठूलो महत्व छ । सामान्यतया नेपालमा जुन १० अर्थात् जेठको अन्तिम सातादेखि मनसुन शुरु हुन्छ । देशमा धानखेतीका लागि सिँचाइ सुविधा कम उपलब्ध भएकाले मनसुन मै भर पर्नुपर्ने परिस्थिति छ । त्यसैले मानो रोपेर मुरी फलाउने यो समयमा कृषकहरू आफ्ना अन्य काम छाडेर भए पनि असारे भेल छोपी धानबाली लगाउन व्यस्त हुन्छन् । असार महिनाभित्रै रोपाइँ गर्न नपाइएमा धान पाक्ने सम्भावना कम हुने हुनाले यो समयमा रोपाइँमा व्यस्त हुनु परेको हो । साता पन्ध्र दिन काम गरेर वर्षभर खाने बाली लगाउन कामको चाप भएकाले वास्तवमा सबै कृषकका लागि असारको पन्ध्रको महत्व धेरै भएको हो । लासलाई एकछिन घुमले छोपेर भए पनि असारे भेल छोप्नु पर्दछ भन्ने बुढापाकाको भनाइले यसको महत्व अझ थप दर्शाउँछ ।

रोपाइँ कार्य मुलुकको सामाजिक, धार्मिक र सांस्कृतिक पक्षसँग पनि निकटरूपमा जोडिएको छ । रोपाइँको पहिलो दिन देवतालाई बीऊ चढाई परिपूर्ण, भरिपूर्णका लागि अन्नपूर्णको आराधना गरी रोपाइँको श्रीगणेश गरिन्छ । रोपाइँमा धेरै खेतालाको आवश्यक पर्ने भएकाले गाउँघरमा पालैपालो पर्मद्वारा रोपाइँ गरिने भएकाले यसले सामाजिक एकता र सद्भाव बढाउन टेवा पुऱ्याउँदै आएको छ । कतै-कतै ठूला खेती भएकाले रोपाइँ गर्दा बेठी लगाउने अर्थात् पञ्चेबाजा बजाई नाचगान गर्ने, भोज खुवाउने तथा खेतालालाई मसला र रूमाल बाँड्ने प्रचलन ठाँउ-ठाँउमा रहेको छ । एक आँकडा अनुसार धानखेतीको करिब ६० प्रतिशत क्षेत्र अझै आकाशे पानीमै निर्भर हुनुपर्ने बाध्यता छ । पानी धेरै नपर्ने स्थानमा एक प्रकारको घैया धान लगाउने गरिन्छ । तर, वर्षे धानभन्दा यसको उत्पादन भने कम हुन्छ ।

नेपालमा ८५ प्रतिशत मनसुन जुनदेखि सेप्टेम्बरसम्ममा र १० प्रतिशत हिउँदमा हुनेगरेको छ । नेपालमा समुद्री सतहभन्दा ७० मिटर उचाइमा रहेको झापाको केचनादेखि दुई हजार सात सय ८० मिटर उचाइमा रहेको जुम्लाको छुमचौरसम्म धानखेती गरिँदै आएको छ । जुम्लामा लगाइने धानखेतीलाई विश्वकै सबैभन्दा उच्च स्थानमा धानखेती भएको मानिन्छ । पहिला-पहिला मार्सी, तौली, थापचिनिया, बासमती खट्टेखानी आदि जातका धानखेती गरिन्थ्यो भने हाल ताईचुंग, विन्देश्वरी, खुमल, मन्सुली, राधा आदि विकासे जातका धान लगाइन थालेको पाइन्छ ।

असार १५ मै किन खाइन्छ दही-चिउरा ? प्रायः को एउटै उत्तर हुने गर्छ, पहिलेदेखि खाँदै आएको त्यसैले होल भन्ने गरिन्छ । आखिरमा किन असार १५ को सांस्कृतिक महत्व छ त ? संस्कृतिकर्मीका आधारमा असारमा समयमै रोपाइँ सकिएको खुशीयालीमा दही चिउरा खाइन्छ । परापूर्वकालदेखि नै यो प्रचलन चल्दै आएकाले नै होला । तर, समयक्रमले यसलाई असार १५ मा पुऱ्याएको संस्कृतिकर्मीको तर्क छ । उनीहरूका अनुसार रोपाइँ नसकिएसम्म दही-चिउरा खाइँदैन । तर, अहिले रोपाइँ सकियोस् या नसकियोस् प्रत्येक वर्षको असार १५ मा दही-चिउरा खाने गरिन्छ । हुन त अहिले दही-चिउरा खान असार १५ सम्म पर्खन पर्दैन । अहिले बजारमा दही-चिउरालाई महत्व दिएर असारमा रोपाइँ सकिएको खुशीयालीमा भोज गर्ने प्रचलन रहेको संस्कृतिकर्मीहरूले भन्ने गरेका छन् ।

दही-चिउरा पौष्टिक आहार पनि भयो । कृषिमा परनिर्भरता बढेसँगै असार १५ को महत्व खल्लो हुने क्रम बढेको छ । असार १५ कृषिमा नेपालीहरूको आत्मनिर्भरताको प्रमाण पनि हो । पहिले दही र चिउरा घरमै हुन्थ्यो, तर अहिले दही र चिउरा दुवै किन्नुपर्छ । अहिले कमैका घरमा गाईभैंसी छन् । गाईभैंसी नपालेपछि घरघरमा दही बन्ने कुरा भएन । तैपनि बजारबाट किनेर भए पनि असार १५ मा भने दही-चिउरा खाने प्रचलनमा कमी भने आएको छैन । विवाह, व्रतबन्ध, सभासमारोहपछि सबैभन्दा बढी दही प्रयोग हुने दिन भनेकै असार १५ हो । दही बनाउने पेसा पनि मौसमी व्यवसाय हो । विशेषगरी माघ र फागुन महिना दही उपभोग हुने खास महिना हुन् । अरू समय भनेको चाडबाड, विवाह, व्रतबन्ध तथा सभा सम्मेलन हो । त्यस्तै गर्मीयाममा पनि दहीको माग अघिपछि भन्दा बढी नै उपभोग हुन्छ । तर बजारमा आजभोलि दूध अभाव भएपछि दही बनाउन अलि कठिन हुन थालेको छ । दूध आवश्यक मात्रामा नआउँदा अहिले दही धेरै जमाउन पाइँदैन र १५ गतेलाई कसरी पुऱ्याउन सकिन्छ भन्ने कुरामा हामी लाग्न पर्छ ।

भक्तपुर नगरभित्र करिब एक सय ५० घरपरिवारले परम्परागत रूपमा मौलिक जुजु धौ बनाउँछन् । उनीहरूले वार्षिक एक हजार पाँच सय मेट्रिक टन दही बनाउँछन् । दही भक्तपुरको मौलिक उत्पादन हो । भक्तपुरमा बन्ने विशेष प्रकारको दहीलाई जुजु धौ (राजा दही) भन्ने प्रचलन रहँदै आएको छ । दही बनाउने पेशा आफैंमा स्वतन्त्र र आत्मनिर्भर व्यवसाय भने होइन । यो पशुपालनमा आधारित व्यवसाय हो । त्यसमा पनि गाईको दूधबाट राम्रो दही बन्दैन । त्यसैले भैंसीको दूध आवश्यक पर्छ । शहरीकरण र फेरिएको जीवनशैलीले नेपाली समाजमा पशुपालन गर्ने क्रमशः घट्दै आएको छ । यसले गर्दा पनि पहिले पहिलेको जस्तो स्वादमा दही पाउन कठिन हुने गरेको छ । नेपालमा असार १५ मा अरू दिनभन्दा झण्डै पाँच गुणाभन्दा बढी दही खपत हुन्छ । यो दिन हाम्रो देशमा करिब ६०/७० हजार लिटर दही खपत हुन्छ । आर्थिक रूपले हेर्ने हो भने असार १५ गते दहीको मात्र कारोबार करिब ८०/९० करोडको कारोबार हुने देखिन्छ । यसदिन आमउपभोक्ताले दही नपाइएला भनेर अघिल्लो दिनदेखि नै घरमा दही लाने गरेको देखिन्छ । असार १५ गते दिउँसोदेखि नै प्रायः डेरीहरूमा दही पाउन गाह्रो छ । असार १५ को महत्व कति छ भन्ने कुरा सबै कुराहरू हेर्दा प्रष्ट देखिन्छ । *हिमालय टाइम्स*

(दाहाल नेपाल डेरी एसोसिएसनको अध्यक्ष हुन् ।)

साना शहरी खानेपानी आयोजनामा लापरवाही

भगीरथ भण्डारी

इलाम, असार १४। इलाम बजारमा खानेपानी समस्या भएसँगै २४ घण्टै पानी ल्याउन ५७ करोड, ९५ लाख सात हजार चार सय ४७ रुपैयाँमा निर्माण गरिएको खानेपानी आयोजनाले पहिरो निम्त्याउन थालेको छ ।

एसियाली विकास बैंक (एडिबी)को आर्थिक सहयोगमा साना शहरी खानेपानी आयोजनाको निर्माण भए पनि लापरवाहीको कारण किसानका बारीमा पहिरो जान थालेको हो । ट्यांकी भरिएर आउट जाने पानीलाई आयोजनाले व्यवस्थापन गर्न नसक्दा पहिरोले क्षति गर्न थालेको हो ।

इलाम नगरपालिका-५ को घलेटार चिया बगान नजिकैको खानेपानी ट्यांकीबाट निस्किएको पानी बाटोमा छोडेपछि खर बारीतिर पसेर पहिरो जान थालेको छ । आउट जाने पानीलाई व्यवस्थापन नगरेकै कारण बाटो खोलेको छ भने खरबारीमा पहिरो गएर चियाबारी पुरेको छ । त्यहाँको पानीले बिगार गर्न थालेपछि पटक-पटक नगरपालिका र आयोजना समिति साथै निर्माण कम्पनीलाई जानकारी गराए पनि अहिलेसम्म कसैले चासो नदिएको नेत्र लुइँटेलले बताए ।

साना शहरी खानेपानीबाट पानी आउन थालेसँगै त्यहाँबाट पानी आउट जान थालेसँगै क्षति गराउँछ भनेर व्यवस्थापनका लागि पटक-पटक जानकारी गराए पनि सुनेको नसुनै भएर व्यवस्थापन नगरेको कारण पहिरोले चिया नै बगाएको लुईटेलको गुनासो छ । पहिरो गएसँगै अहिले आउट भएर जाने पानी कहिले बाटैबाटो त कहिले पहिरोबाटै जाने गरेको उनी बताउँछन् ।

खानेपानी आयोजना निर्माण हुने भएपछि खानेपानी ल्याउनका लागि शुरुमा नै प्रति घरधुरी १५ हजार दुई सयका दरले रकम उठाए पनि आयोजना निर्माणमा लापरवाहीका कारण जनताले दुःख पाइरहेका छन् । निर्माणको समयमै गुणस्तरहीन काम गरेको भनी अख्तियारमा समेत उजुरी परिसकेको छ । अहिले पानी आउट गएर पहिरो जाने भयो भन्दै व्यवस्थापन गर्न आग्रह पटक-पटक गर्दा पनि चासै नदेखाउनुले नगरपालिका गैर जिम्मेवार बनेको स्थानीयको गुनासो छ ।

इलाम नगरपालिकामा मात्र होइन सन्दकपुर गाउँपालिका दुई सुलुबुडमा आयोजनाको मेनलाइन विस्तार खुल्ला रुपमा भएको कारण पहिरोले पाइपमा क्षति हुँदा गाउनै पहिरोमा पर्ने हो कि भन्ने स्थानीयको गुनासो छ । आयोजनाको वितरण लाइन नै जोखिममा रहेको छ । आयोजनाले पाइपलाई बाटोको भित्तामा खुल्ला राखेको कारण बर्खामा पहिरो गएर पाइप फुटायो भने गाउँमा पहिरो जाने देखिएको हो ।

साना शहरी खानेपानी आयोजना उपभोक्ता समितिका सचिव तिलक ठकुरीले आयोजना निर्माण सम्पन्न भईसके पनि अबको छ महिनासम्म कम्पनीलेनै मर्मत गर्ने बताए । उनले खुला रहेको पाइप र समस्या आएको ठाउँमा अहिले पनि कम्पनीले नै मर्मत गरिरहेको बताए ।

खानेपानी समस्या भएर करोडौंको लगानीमा आयोजना निर्माण गरे पनि निर्माणमा लापरवाही गरेका कारण थप समस्या निम्त्याउन थालेको हो । खानेपानी ल्याउनका लागि शुरुमा नै प्रति घरधुरी १५ हजार दुई सयका दरले रकम उठाइएको थियो । आयोजना शुरु हुँदा खानेपानी आयोजनाका लागि सन्दकपुर गाउँपालिकामा रहेका तीन वटा र भाँडी खोलाबाट पानी ल्याइने र सदरमुकाममा प्रतिसेकेन्ड ४१ लिटर पानी आउने आयोजकले बताएको थियो ।

साना शहरीले सदरमुकामबाट करिब ३२ किलोमिटरको सन्दुकपुर गाउँपालिकाको गिताङ खोलाबाट प्रतिसेकेन्ड १६ लिटर, राते र मेवा खोलाबाट १०-१० तथा सुम्बेकको भाँडी खोलाबाट पाँच लिटर मिसाएर सदरमुकाममा पानी आपूर्ति गर्ने गरी आयोजना शुरु भएको थियो । उक्त आयोजनाको ट्यांकीबाट आउट जाने पानीलाई व्यवस्थापन नगरी जताततै छोडेको कारण बर्खा शुरु भएसँगै पहिरो जान थालेको हो ।

मेची भन्सारमा ११ महिनामा ६९.९५% राजश्व असुली

मेचीनगर, असार १३। पूर्वी नाकाबाट पेट्रोलियम पदार्थ (डिजल, पेट्रोल मटिट्तेल एलपीजी ग्यास) को आयात न्यून हुनु र आसामबाट आयात हुने कोइला ठप्प हुँदाको प्रत्यक्ष असर राजश्व असुलीमा परेको छ ।

पूर्वी नाकाबाट आयात हुने कोइला, पेट्रोलियम पदार्थ क्लीङ्कर तथा बंगलादेशबाट आयातित पेयपदार्थ, खाद्यवस्तु तथा कोइलाले समेत राजश्व असुलीमा ठूलै मद्दत पुगेको छ । यसले गर्दा मेची भन्सार कार्यालय काँकरभिट्टाले चालू आव २०७९/०८०को वार्षिक राजश्व असुलीको लक्ष्य पूरा नगर्ने पक्का जस्तै छ ।

अर्थ मन्त्रालय भन्सार विभागले मेची भन्सार कार्यालय काँकरभिट्टालाई चालू आर्थिक वर्ष २०७९/०८० मा २० अर्ब २४ करोड १८ लाख ३८ हजार रुपैयाँको वार्षिक राजश्व लक्ष्य दिएको छ । तर, कार्यालयले भने चालू आर्थिक वर्षको साउनदेखि जेठसम्म वा ११ महिनाको अवधिमा १२ अर्ब

८८ करोड ९४ लाख दुई हजार रुपैयाँ मात्र राजश्व असुली गरेको छ । जुन असुली लक्ष्यको तुलनामा ६९ दशमलव ९५ प्रतिशत मात्र हो । चालूआर्थिक वर्ष सकिन अब करिब दुई सात मात्र बाँकी छ ।

कार्यालयले लक्ष्य पूरा गर्न असार महिनामा सात अर्ब ३५ करोड २४ लाख ३६ हजार रुपैयाँ राजश्व असुल गर्नुपर्ने छ । तर, त्यो सम्भावना न्यून रहेको भन्सार अधिकारीहरु बताउँछन् । यसअघिका कुनै पनि महिना कार्यालयले यति ठूलो रकम राजश्व असुली गरेको छैन् । प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मी ११ महिनाको राजश्व असुली हेर्दा चालू आर्थिक वर्षको राजश्व असुली लक्ष्य पूरा नहुने संकेत देखिएको बताउँछन् ।

पथरीशनिश्चरे नगरको शैक्षिक तथा स्वास्थ्य अवस्था

छविराज ढकाल

पथरीशनिश्चरे नगरपालिकाको गत असार १० गते सम्पन्न भएको १३औं नगरसभाबाट आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ७१ करोड १७ लाख ४१ हजार आठ सय रुपैयाँ बराबरको बजेट विनियोजन भएको छ। जस अनुसार आन्तरिक राजश्व बाँडफाँड र समपुरक अनुदानबाट वडा कार्यालयबाट प्राप्त बजेट सिलिङ तथा नगरको बजेट सिलिङ मार्फत शिक्षा क्षेत्रमा दुई करोड ५० लाख ९६ हजार रुपैयाँ विनियोजन गरिएको छ भने नगरको समग्र स्वास्थ्य सेवासुविधाहरू उपलब्ध गराउन स्वास्थ्य क्षेत्रमा एक करोड ८९ लाख ८५ हजार रुपैयाँ छुट्याइएको छ।

पथरीशनिश्चरेको शैक्षिक अवस्था :

यस नगरपालिकामा हाल एउटा पथरी बहुमुखी क्याम्पस, एक धार्मिकसहित २८ वटा सरकारी, ३९ संस्थागत बोर्डिङ स्कूल र पाँच वटा मन्टेश्वरी स्कूलहरु रहेका छन्। पथरीशनिश्चरे नगरकै एकमात्र उच्च शिक्षा प्रदान गरिरहेको पथरी बहुमुखी क्याम्पसमा हाल शिक्षा, वाणिज्य, मानविकी जस्ता संकायमा स्नातकोत्तर तहसम्मको अध्यापन हुँदै आएको छ। त्यस्तै, सामुदायिक विद्यालयहरू मध्येमा कोशी प्रदेशमै नमूना विद्यालय बन्न सफल भएको पथरीशनिश्चरे-१ को पञ्चायत नमूना माविमा भुटानी शरणार्थी बालबालिकाहरू तथा विपन्न वर्गका घरपरिवारको लागि पनि गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक हवको रूपमा स्थापित गर्दै आएको छ। पछिल्लो समयमा पञ्चायत माविमा विज्ञान, सिभिल इञ्जिनियरिङ, शिक्षा, मानविकी, व्यवस्थापन, कानून, ललीत कला, पत्रकारिता जस्ता विभिन्न विषयमा अध्यापन गराउँदै तीन हजारभन्दा बढि छात्रछात्राहरुको उज्ज्वल भविष्यप्रति लागीपरेको पाइन्छ।

त्यसैगरी अन्य सामुदायिक स्कूलहरूमा क्रमशः जनता माबि, दुर्गा माबि, सुनाखरी आधारभूत प्राबि, हिरक माबि, सिंहवाहिनी माबि, भागिरथ माबि, अमरसिंह माबि लगायतले नगरभित्रको शैक्षिक विकासमा महत्वपूर्ण योगदान दिइरहेका छन्। संस्थागत तथा निजी विद्यालयहरूमा क्रमशः ब्रिटिश काउन्सिल अवार्ड प्राप्त रेडस्टार माबि, आईएसओ सर्टिफाईड वाल्मीकि आवासीय माध्यमिक विद्यालय, एभरेष्ट माबि, भूपु सैनिक माबि, न्यू प्यागोडा माबि, प्यागोडा मोडेल स्कूल, अन्नपूर्ण माबि, अरुणोदय बोर्डिङ स्कूल, बाल नमूना माबि, किरात एकेडेमी, ग्रेट ग्रेस एकेडेमी, सूपर्व बोर्डिङ स्कूल, मेरिगोल्ड स्कूल, बाल नमूना विद्या मन्दिर, ब्राइट सनराइज स्कूल आदि रहेका छन्।

'हाम्रो पथरीशनिश्चरे' विषय अध्यापन शुरू :

यस नगरमा रहेका अधिकांश निजी तथा सामुदायिक स्कूलहरूले आफ्नो शैक्षिक कार्यक्रम अन्तर्गत आध्यापनको विषय बनाएर पठनपाठन गरिरहेका छन्। नगर कार्यपालिकाको २०७९ बैशाख ०७ गते सम्पन्न बैठकको निर्णयबाट स्वीकृत भएको आधारभूत तह (कक्षा १-८) सम्म 'हाम्रो पथरी शनिश्चरे' नामको स्थानीय पाठ्यक्रम कार्यान्यन भइरहेको छ। पछिल्लो समयमा पाठ्यपुस्तक प्रकाशित भइसकेको अवस्थामा सो पाठ्यक्रमको शतप्रतिशत कार्यान्वयन गर्ने उद्देश्यले नगरको शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत नवीन खुलालले बताए। उनले नगरका सबै वडामा रहेका निजी तथा सामुदायिक स्कूलहरूका शिक्षक शिक्षिकाहरूलाई प्रविधिकीकरण तालिम प्रदान गरिएको बताए। शैक्षिक सत्र २०७९ देखि नै कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम 'हाम्रो पथरीशनिश्चरे' विषयलाई कार्यान्वयनमा ल्याइएको छ। साथै, स्थानीय पाठ्यक्रममा आधारित कक्षा १-८ सम्मको पाठ्यपुस्तक लेखन कार्यलाई अगाडि बढाउन विज्ञहरूसँग छलफल भएको शिक्षा शाखा प्रमुख शालीग्राम काफ्लेले बताए।

शिक्षा, युवा तथा खेलकुद शाखामा के-के भए :

पथरीशनिश्चरे नगरपालिकाकी उपप्रमुख देवीमाया काफ्लेले प्रस्तुत गरेको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति, कार्यक्रम अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखाको निम्न लिखित कुराहरु पूरा भएका छन्। यस नगरपालिकामा स्वच्छ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर सुनिश्चत गर्न पाँच वर्षे नगर शिक्षा योजना बनाइ कार्यन्वयनको लागि आवश्यक नीति लिएको छ। जस अनुसार विद्यालय शिक्षा क्षेत्र विकास कार्यक्रममा निहित शैक्षिक कार्यक्रमहरु नेपाल सरकारबाट यस नपालाई प्राप्त आर्थिक वर्ष २०७९/०८० को सशर्त अनुदान शीर्षकको कार्यक्रमलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार गरिएको कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य राखिएको थियो। बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुलाई स्थानीय सरकारले

विगत वर्षमा दिएको सेवासुविधालाई निरन्तरता दिएको छ भने विद्यालय कर्मचारीहरुको सेवासुविधाको तहगत अनुपातमा मिलान गरिएको छ। मदन भन्डारी स्मृति प्रतिस्ठान रिभल्भिङ्ग फन्ड तथा शैक्षिक क्रियालालप सुधारका लागि विश्वनाथ संस्कृत पाठशालाका लागि विगत वर्षमा दिएको अनुदान कार्यक्रमलाई जारी राखेको छ।

बाल विकास केन्द्रलाई आवश्यक सञ्चालन अनुदान तथा दिवा खाजाको लागि अनुदान दिने व्यवस्था भएको छ भने खेलकुद क्षेत्रलाई प्रोत्साहन गर्न गत वर्षको हिउँदमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न भएको छ। त्यस्तै, नगरको शिक्षा शाखाको सामुदायिक विद्यालय अन्तर्गत नगरभित्रका आधारभूत तह कक्षा (१-८) सञ्चालित विद्यालयलाई नमूना विद्यालयका रुपमा विकास गर्ने नीति लिएको छ। साथै, आधारभूत तह कक्षा ८ परीक्षा व्यवस्थापनलाई नगरस्तरीय रुपमा व्यवस्थित सञ्चालन गर्नका लागि आवश्यक अनुदान दिइएको छ भने सबै सामुदायिक विद्यालयहरुलाई क्रमशः प्रविधिमैत्री बनाउँदै नीति अवलम्वन गरिएको छ। त्यसैगरी, शैक्षिक वर्ष २०७९ सालबाट नयाँ पाठ्यक्रम लागू भएका कक्षा ४, ७ र ९ को पाठ्यक्रम प्रबिधिकरण तथा विद्यालयको तथ्याङ्क आइ इ एम आइ एस सम्बन्धी अभिमुखीकरण कार्यक्रम सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सञ्चालन भएको छ। त्यस्तै, सामुदायिक विद्यालयहरुको विद्यमान अवस्थाको पहिचान गरी वालकक्षाका लागि बालमैत्री कक्षा कोठा व्यवस्थापन, विद्यालय छाना मर्मत कार्यक्रम तथा शिक्षणका लागि आवश्यक शैक्षिक सामग्री व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ।

नगरको एकमात्र उच्च शिक्षा दिँदै आएको पथरी बहुमुखी क्याम्पसलाई सञ्चालन तथा व्यवस्थापनका लागि सहयोग उपलब्ध गराइएको छ भने पूर्णतः प्रविधि मैत्रि बनाइने नीतिसहित कार्यान्वयन हुने क्रममा छ। सामुदायिक विद्यालयहरुमा शुद्ध पिउने पानीको व्यवस्थापनका लागि अनुदान रकम दिइदै आएको पाइन्छ। सामुदायिक तथा संस्थागत विद्यालयहरुको साझेदारीमा पुनर्ताजगी तालिम तथा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु सञ्चालन भएका छन् भने कार्यविधि निर्माण गरी तोकिएका सूचकका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थी प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको हो। संघीय , प्रादेशिक र स्थानीय तहमा सञ्चालित शैक्षिक कार्यक्रमको प्रभावकारी सञ्चालन तथा कार्यन्वयनका लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको बैठक सञ्चालन गरिँदै आएको छ।

विद्यालयमा आमा समूह गठन तथा परिचालन गरी काम कर्तव्य र अधिकार सम्बन्धी अभिमुखीकरण, पूर्व विद्यार्थी समाजको गठन र मितेरी विद्यालय कार्यक्रमलाई प्राथमिकता दिइएको छ भने सामुदायिक तथा संस्थागत विद्यालयहरुको संयुक्त रुपमा पालिकाभन्दा बाहिरका उत्कृष्ट तथा असल अभ्यास भएका विद्यालयहरुको अध्ययन अवलोकन भ्रमण गराई त्यस्ता असल कार्यहरुको कार्यान्वयनमा जोड दिइएको छ। नगरभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा इन्टरनेट र इ-लाइब्रेरीको व्यवस्था सहितको प्रविधिमैत्री पठन पाठनलाई प्राथमिकता दिने नीति लिइने छ साथै नगर शिक्षा ऐन र नियमावली बनाई विद्यालयहरुको नियमन, निरीक्षण, सुपरीवेक्षण र अनुगमन गरी विद्यालयहरुको स्तरीकरण गरिने छ। नगरका सबै विद्यालयहरुमा वाचनालय तथा पुस्तकालयको व्यवस्था, खेलकुद मैदान निर्माण, विद्यार्थी अनुपातमा थप विद्यालय कक्षाकोठा, शौचालय निर्माण, विद्यालय मर्मत र तोकिए बमोजिमको अनुपातमा शिक्षक दरबन्दीको मिलान कार्यलाई क्रमिक रुपमा कार्यान्वयमा ल्याइयो। युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि खेलमैदान निर्माण व्यायमशाला, कभर्डहल, आवश्यक खेलकुद तथा मनोरञ्जनका साधनहरु प्रदान गरिँदै आएको छ ।

उता, द्वन्द्व पीडित, भूमिहीन दलित सडक बालबालिका, सुकुम्बासी तथा आर्थिक रुपमा विपन्न बालबालिकाहरुको पहिचान गरी विद्यालयमा पहुँच वृद्धि कार्यक्रम सञ्चालनमा जोड दिइने भनि पनि यो कार्यक्रम अझै राम्ररी व्यवस्थित गरेको पाइँदैन। पथरीशनिश्चरे वडा नं. ४ मा रहेको भागिरथ माविमा सञ्चालित तीन वर्षे बाली विज्ञान कार्यक्रमलाई व्यवस्थित गर्न आर्थिक सहयोगको निरन्तरता तथा कृषि प्राविधिक उत्पादन गरी कृषि क्षेत्रलाई बढावा दिँदै आएको पाइन्छ। त्यस्तै अर्को एक नगरले गत वर्षबाट विद्यालय कर्मचारी र सहयोगी कार्यकर्ताहरुका लागि अनिवार्य अवकास स्थानीय तहबाट सम्मान स्वरुप एकलाख र उमेरहद अगावै मृत्यु भएमा एक लाख ५० हजार दिने र थप सुविधासहित निरन्तरता दिएको छ । सबै वडामा भएका खेल मैदानहरुको स्तरोन्नति गरिने लक्ष्य राखिएको भएता पनि खेलाडी र प्रतिभालाई प्रोत्साहन कम भएको खेलाडीहरूको भनाइ रहँदै आएको छ। विगत वर्षमा सामुदायिक सिकाई केन्द्रलाई स्थानीय तहबाट दिदै आएको अनुदान निरन्तरता दिँदै वार्षिक कार्य योजना र प्रस्तावनाका आधारमा थप प्रोत्साहन गरिएको छ।

नगरका दुई विद्यालयमा लिम्बू भाषाको शिक्षण :

नगरका भागिरथ माध्यमिक विद्यालय तथा चन्द्र किरातेश्वर माविमा लिम्बू भाषामा पठनपाठन हुँदै आएको छ। हाल दुई जना भाषा शिक्षकको सहयोगमा तीन सय ६३ जना विद्यार्थीहरुले यो भाषा अध्ययन गरिरहेका छन्। नगरका दुई विद्यालयमा लिम्बू भाषाको मातृभाषा कक्षा शिक्षणका लागि नगरपालिकाको कार्यालयले अनुदान रकम अति नै कम छुट्याउने गरेको सिरीजंगा धार्मिक वन समूहको अध्यक्ष प्रेमकुमार लिम्बूले बताएका छन्।

वडाका विद्यार्थीलाई कक्षा १२ सम्म निःशुल्क शिक्षा :

मोरङको पथरीशनिश्चरे नगरपालिका-८ वडा कार्यालयले आफ्नो नीति तथा कार्यक्रम मार्फत वडाभित्रका सबै विद्यार्थीहरुलाई कक्षा १२ सम्म निःशुल्क पढाउने भएको छ। हालै 'वडा नम्बर आठको इच्छा, छोराछोरीलाई कक्षा १२ सम्म निःशुल्क शिक्षा' भन्ने नारासहित सो कार्यक्रम ल्याएसँगै वडाभित्रका सबै विद्यार्थीहरुले कक्षा १२ सम्म निःशुल्क पढून पाउने भएका हुन्। आगामी आर्थिक वर्ष २०८०/२०८१ देखि कक्षा ११ र १२ का लागि लाग्ने शुल्क वडा कार्यालयले तिरिदिने भएको छ। स्थानीय तहको चुनावताका घोषणापत्रमा उल्लेख गरिए अनुसार नै कक्षा १२ सम्म निःशुल्क शिक्षा दिने र विद्यार्थीको शुल्क वडाबाट व्यहोर्न थालिने उनले बताए। वडा नम्बर ८ मा रहेको बुद्ध माद्यामिक विद्यालयमा अध्ययन गर्ने वडा नम्बर ८ का सबै विद्यार्थी र बाहिरबाट आउने अन्य वडाका विद्यार्थीहरुलाई पनि उत्कृष्टताको आधारमा निःशुल्क शिक्षा प्रदान गरिने वडा कार्यलयले जनाएको छ।

नगरको समग्र स्वास्थ्य अवस्था :

हाल पथरीशनिश्चरे नगरपालिकाका पथरी, शनिश्चरे तथा हसन्दह स्वास्थ्य चौकी जस्ता प्रमुख तीन स्थानबाट स्वास्थ्य सेवा प्रवाह उपलब्ध भैरहेको छ। जसमा वडा नं. २ को पथरी नगर अस्पताल, वडा नं. ९ को शनिश्चरे स्वास्थ्य चौकी र वडा नं. ५ र ६ जनतालाई प्राथमिक सेवासुविधाहरू हसन्दह स्वास्थ्य चौकीले प्रदान गर्दै आएको छ। नगरका १० वटै वडाहरुभित्र विशेषसहित एमबीबीएस डाक्टरको स्वास्थ्य सेवा प्रवाह गर्दै आएको एक नगर अस्पताल, दुई स्वास्थ्य चौकी र सात वटा प्राथमिक स्वास्थ्य केन्द्र गरी कुल १० वटै वडाबाट स्वास्थ्य सेवा उपलब्ध हुँदै आएको छ।

नगर अस्पतालबाट २४ घण्टा सेवा :

नगरकै गौरवको रूपमा स्थापित नगर अस्पतालमा ४३ जना स्वास्थ्यकर्मीसहित अन्य स्वास्थ्य केन्द्रमा कूल ९३ जना स्वास्थ्य सम्बन्धी कर्मचारीहरू कार्यरत् छन्। बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म नै निरन्तररुपमा प्रसुति तथा आकस्मिक बहिरंग सेवा उपलब्ध गराउँदै आएको यस नगर अस्पतालको हातामा अहिले २५ शय्याको दुई तले पक्की भवन निर्माण भइरहेको छ। कुल २३ कठ्ठा क्षेत्रफलभित्र एक शव पोष्टमार्टम कक्षसहित १५ बेडको पक्की भवन निर्माण भइरहेको छ। जसको निर्माणको जिम्मा खुश्बु निर्माण सेवा प्रालिले ठेक्का सम्झौता गरी निर्माण कार्य जारी राखेको छ। उक्त भवनको हाल ५० प्रतिशत काम सम्पन्न भएको नगरका स्वास्थ्य शाखा प्रमुख मुरारीप्रसाद आचार्यले बताएका छन्। उनले संघीय सरकारबाट समयमै बजेट उपलब्ध नहुँदा निर्माण कार्य जारी कठिनाइ भइरहेको बताए। चालू आर्थिक वर्ष २०७९/०८० मा संघीय, समपुरक तथा प्रदेश अनुदान रकम १०.८३ प्रतिशत विनियोजित भएको वार्षिक बजेट कटौती भएको कारण यस वर्षमा वाल, फिनीसिङ, कलर पेन्टिङ तथा भवनको वरिपरि सम्याउने कार्य बाँकी रहेको छ। साथै, अस्पतालको सुरक्षाको लागि कम्पाउण्ड वाल तथा तार जाली लगाउने कार्य चालू आवमा मुलुकको चरम आर्थिक संकटको कारण बजेट कटौती भएकोले आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी पूरा गर्ने प्रमुख आचार्यले बताए। हालसम्म चालू आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत सुचीकृत भएका ३७ वटा मध्ये एक-दुई वटा बाहेक अरू सबै कार्यान्वयनमा ल्याइएको बताए। उनका अनुसार नगरका सबै बालबालिकाहरुलाई पूर्ण खोप पाउने अधिकार सुनिश्चित गरिएको छ।

खोप सामग्री तथा भ्याक्सिनहरु निर्माण स्थलदेखि १० वटै स्वास्थ्य संस्था मार्फत सेवाग्राहीसम्म पुग्दा गुणस्तरको कमी हुन नदिन र खोपबाट हुने अवाञ्छित घटनाहरुलाई कम गर्न खोप तथा सामग्रीहरूको उचित भण्डारण, दुवानी गर्दा लाग्ने लागत र

प्रयोग गरिने सामाग्रीहरूको उचित व्यवस्था गरिएको छ। पोषणमैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम अन्तर्गत वडा नं. ५ र ६ मा रहेको हसन्दह स्वास्थ्य चौकी सञ्चालन व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरिएको थियो। अतिशीघ्र, शीघ्र कुपोषण, कडा श्वासप्रश्वासका रोगी र क्षयरोगी पहिचान गरी तीनका घरका १५ वर्ष मुनिका बालबालिकामा क्षयरोगको पहिचानको जाँच गरिएको छ भने विद्यालयहरूमा पोषण कार्यक्रम सञ्चालनमा छ। महिनावारी स्वच्छन्दता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण समेत गरिएको छ। क्षयरोगको उच्च जोखिममा रहेको पथरीशनिश्चरे नगरपालिकालाई राष्ट्रिय क्षयरोग कार्यक्रमको सन् २०५० सम्मको दीर्घकालिन लक्ष्य अनुसार प्रति एक लाख जनसंख्यामा एकभन्दा कम क्षयरोगी हुने अवस्थामा पुऱ्याइ जनस्वास्थ्यको समस्याको रुपमा रहन नदिन कार्यक्रमहरु सञ्चालन गरिएको छ। कुष्ठरोगी खोजपड्ताल घरदैलो अभियान (एलपीपी) कार्यक्रमलाई निरन्तरता दिइएको पाइन्छ। पछिल्लो समयमा नगर अस्पतालमा २४ घण्टा बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म आकस्मिक बहिरंग सेवा तथा प्रसुति सेवा उपलब्ध छ।

स्वास्थ्य बीमा तथा दीर्घरोगी उपचार सहयोग जारी :

नगरभित्र आर्थिक रुपले अति विपन्न परिवारहरूको वडाको सिफारिसमा निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराउन लक्ष्य लिए अनुसार आ.व. २०७९/८० मा रु.४० लाख रकमबाट अति विपन्न घरपरिवारलाई नयाँ बीमा र बीमा नवीकरण गरी स्वास्थ्य बीमा कार्यक्रममा समावेश गरिएको छ। कूल नौ प्रकारका दीर्घरोगीहरुलाई प्रदान दिँदै आएको १५ हजार आर्थिक सहयता आर्थिक वर्ष २०७९/८० मा पनि निरन्तरता दिईएको थियो। केही दिनअघि मात्रै पथरीशनिश्चरे नगरपालिका अन्तर्गतका आङ्ग खस्ने तथा फिस्टुलाका समस्या भएका महिलाहरुको पहिचान गरी उपचारको व्यवस्था मिलाइएको थियो। साथै, भि.आई.ए. परीक्षणबाट पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गरी ती क्यान्सरपीडित महिलाहरुको उपचार गरिएको थियो। यो सेवाबाट सयभन्दा बढीले उपचार सेवा लिएका थिए।

नगरभित्रका गर्भवती महिलाहरुलाई र नवजात शिशुहरुलाई किटजन्य रोगहरुको संक्रमणवाट जोगाउन किटनाशक झुल प्रदान गरिँदै आएको छ। गर्भवती अवस्थामा क्याल्सियमको कमी हुन नदिनका लागि गर्भवती महिलाहरुलाई निःशुल्क क्यालसियम चक्की वितरण गरिएको थियो। ६० वर्ष नाघेका महिला स्वास्थ्य स्वयमूसेविकाहरुको सम्मानजनक विदाइ गर्न ७० हजार रुपैयाँ प्रदान गरिएको छ। नसर्ने रोगहरुको जोखिमलाई नियन्त्रण गर्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनुका साथै यस्ता रोगहरुलाई सम्बोधन गर्न निःशुल्क स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको थियो। स्वास्थ्यका राष्ट्रिय कार्यक्रमहरु प्रभावकारी सेवामूलक र परिणाममुखी बनाई निर्धारित लक्ष्य हासिल गरिएको बताइएको छ।

स्वास्थ्य संस्थाजन्य फोहरमैलाको उचित व्यवस्थापन गर्न हेल्थ केयर वेस्ट मेनेजमेन्ट गाइडलाइन २०१४ अनुसार कार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ भने बेला बेलामा स्वास्थ्यकर्मीहरूको सेवालाई गुणस्तरीय बनाउन क्षमता अभिवृद्धि तालिमहरुको आयोजना गरिएको छ। नगरपालिकाद्वारा सञ्चालित स्वास्थ्यका विभिन्न कार्यक्रमहरुको त्रैमासिक, चौमासिक, अर्ध वार्षिक र वार्षिक समिक्षा हुने गरेका छन्। आयुर्वेद औषधालय, होमियोप्याथी उपचार पद्धति तथा प्रकृतिक चिकित्सा पद्धति जस्ता स्वास्थ्यमा आवद्ध उपचार पद्धतिहरुलाई एकिकृत स्वास्थ्य कार्यक्रमको दायरामा ल्याई सेवा विस्तार र सञ्चालन गर्न आवस्यक कदम चालिने छ। पछिल्लो समयमा निजी अस्पताल, क्लिनिक, फार्मेसी ल्याब सेवा डाइगनोष्टिक सेन्टर आदिबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुलाई गुणस्तरीय तथा सेवामुखी र सर्वसाधरणले व्यहोर्न सक्ने सेवा प्रवाहका लागि अनुगमन तथा नियमन गरिँदै आएको छ।

नगरका ज्येष्ठ नागरिक निःशुल्क एम्बुलेन्स सेवा :

स्वास्थ्यमा कार्यरत कर्मचारीहरुको लागि (हेल्थ हजार्ड) जोखिम भत्ता प्रदान गर्नका लागि मार्ग निर्देशन तयार पारिएको नगरका स्वास्थ्य प्रमुख आचार्यले बताए। नगरभित्रका ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई प्रदेश नं. १ भित्रको कुनै परी अस्पतालसम्म उपचारमा जानका लागि एम्बुलेन्स भाडा निःशुल्क गरिएको छ भने नगरभित्रका गर्भवती महिलाहरु सुत्केरी गराउन नगर अस्पताल पथरी जानु परेमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएको बताइएको छ र सुत्केरी पश्चात सुरक्षित साथ घरसम्म पुऱ्याउने व्यवस्था गरिएको छ। त्यस्तै गत असार १२ गते पञ्चायत नमूना माविका विद्यार्थीहरूलाई आँखा तथा कान जाँच उद्घाटन गरिएसँगै सो स्वास्थ्य सेवा सुचारु भएको छ।

संघीय मन्त्री बस्नेतद्वारा निरीक्षण :

संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतले गत असार १२ गते पथरी नगर अस्पतालको भ्रमण/निरीक्षण गरे। मन्त्री बस्नेतले हाल उक्त अस्पताललेप्रदान गर्दै आएको विभिन्न स्वास्थ्य सम्बन्धी उपचार सेवाको जानकारी लिएका थिए भने पथरीशनिश्चरे नगरकै गौरवको रूपमा हेरिएको नवनिर्मित २५ शय्याको भवनको निरीक्षण गरे। सोही क्रममा उनले अस्पतालको लागि निःशुल्क जग्गादान गर्ने जग्गादाताहरू समेत धन्यवाद दिएका थिए। सोही क्रममा निर्माणाधीन भवनको निर्माण कार्य समयमा नै सम्पन्न गर्ने वातावरण (समयमै रकम निकासा नहुने समस्या समाधानका लागि)निर्माण गर्ने विश्वास दिलाएका थिए। उक्त अस्पतालका लागि समाजसेवी बाबुराम राईसहित स्थानीयले करोडौं मूल्यको २३ कठ्ठा जग्गा निःशुल्क दान गरेका छन्।

घरजग्गा बिक्रीमा

झापाको अर्जुनधारा-४ भाङबारी चिउरा मिल नजिक लक्षपुरबाट साधुटार जोड्ने पिच बाटोबाट २०० मिटरभित्र रहेको १ कठ्ठा जग्गामा बनेको टिनको छाना भएको घर तु-बिक्रीमा छ।

सम्पर्क : ९८०६०७९३३३

डिजिटल तराजु
विशेष छुटमा



Barnet Weighing Scale
सुरुङ्गा कनपा-३, झापा
Mob. 9810405794, 9802742456

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटोला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३२२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

विशेष उपचार
अब बिर्ता आयुर्वेदमा

ढाड, कम्मर, गर्दन, प्यारालाइसिस, पायल्स, फिस्टुला, ग्यास्ट्रिक, पिनास, कोलेस्ट्रोल, पत्थरी, जन्डिस लगायत सम्पूर्ण रोगको उपचार ।

सम्पर्क
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोनः ०२३-५३२३६६, ५९०१६६
मोबाइल : ९८०६०००३१३

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोटः आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको

बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
आजको दिन तपाईको लागि अत्यन्तै बलवान छ, मान सम्मानमा वृद्धि हुनेछ, व्यपार व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटकासाथ मिष्ठान्न भोजनको योग रहेको छ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग रहेको छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
समय त्यती अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।